धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १९ ◆ २०८३ साउन १९ गते मंगलबार, Tuesday, August 4, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## इन्जिनियरको भूमिकामा पूर्वाधार विकास र गुणस्तर निर्भर रहन्छ : मन्त्री श्रेष्ठ

काठमाडौं । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले राष्ट्रको समृद्धि, पूर्वाधार विकास र सार्वजनिक सेवाको गुणस्तर दक्ष, इमानदार तथा उत्तरदायी इन्जिनियरको भूमिकामा निर्भर रहने बताउनुभएको छ ।

जल तथा ऊर्जा आयोगको सचिवालय जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्रद्वारा सोमबार आयोजित सेवामा नवप्रवेशी इन्जिनियरलाई सम्बोधन गर्दै उहाँले सरकारी सेवामा प्रवेश केवल जागिरको सुरुआत नभई राष्ट्र निर्माणको अभियानमा समर्पित गर्ने ऐतिहासिक अवसर भएको बताउनुभयो ।

मन्त्री श्रेष्ठले भन्नुभयो, "प्रत्येक निर्णय, प्राविधिक सुझाव र हस्ताक्षर कार्यले लाखौँ नागरिकको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले उच्च जिम्मेवारीबोधका साथ काम गर्नुपर्छ ।" राष्ट्रको विकास, सभ्यता र समृद्धिको इतिहास इन्जिनियरको सिर्जनशीलता, अनुसन्धान, अनुशासन र अथक परिश्रमसँग जोडिएको बताउँदै उहाँले सडक, पुल, विद्युत् आयोजना, प्रसारण लाइन, जलासय, सिँचाइ प्रणाली, खानेपानी पूर्वाधार, औद्योगिक संरचना तथा आधुनिक सहरको निर्माण इन्जिनियरको दूरदृष्टि र क्षमता निर्भर रहने धारणा राख्नुभयो ।

मन्त्री श्रेष्ठले राष्ट्रसेवामा ज्ञानसँगै चरित्रको पनि उत्तिकै महत्त्व रहेकाले सरकारी सेवामा प्राविधिक दक्षताभन्दा पनि नैतिक साहस कहिलेकाहीँ अझ महत्वपूर्ण बन्ने बताउनुभयो । उहाँले देशले नयाँ पुस्ताका इन्जिनियरबाट केवल प्राविधिक दक्षता मात्र नभई नवीन सोच, सकारात्मक ऊर्जा, नेतृत्व क्षमता र परिणाममुखी कार्यशैलीको अपेक्षा गरेको उल्लेख गर्नुभयो ।

## दश प्रतिशत निःशुल्क स्वास्थ्य सेवा कार्यान्वयनमा जोड

काठमाडौं । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले १० प्रतिशत निःशुल्क स्वास्थ्य सेवा प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ ।

मन्त्रालयले त्यस सन्दर्भमा देशभरका सेवाप्रदायक अस्पताल र जिम्मेवार सम्पर्क व्यक्तिको विवरणसमेत सार्वजनिक गरेको छ ।

मन्त्रालयले त्यससम्बन्धी सूची सार्वजनिक गर्दै निःशुल्क सेवामा बिरामीको पहुँच सुनिश्चित गर्न तथा गुनासो आए तत्काल समन्वय गर्न प्रत्येक अस्पतालका सम्पर्क अधिकारी तोकेको जनाएको छ ।

मन्त्रालयले सार्वजनिक गरेको विवरणमा सङ्घीय, प्रादेशिक, सामुदायिक, शिक्षण तथा निजी अस्पताल समेटिएका छन् । मन्त्री निशा मेहताको सचिवालयका अनुसार प्रत्येक अस्पतालका फोकल पर्सनको नाम र फोन नम्बर राखिएको छ । जसबाट निःशुल्क उपचारसम्बन्धी समस्या आएमा बिरामी वा सेवाग्राहीले सिधैँ सम्पर्क गर्न सक्ने व्यवस्था गरिएको छ । सचिवालयका अनुसार कार्यविधिले सुनिश्चित गरेको १० प्रतिशत निःशुल्क स्वास्थ्य सेवालाई व्यवहारमै कार्यान्वयन गराउन मन्त्रालयले निगरानी र समन्वयलाई थप कडाइ गरेको हो ।

मन्त्रालयले यसअघि नै निःशुल्क शय्या व्यवस्थापनका लागि अनलाइन पोर्टल सञ्चालनमा ल्याएको छ भने अस्पतालले आरक्षित शय्याको विवरण नियमित अद्यावधिक गर्नुपर्ने व्यवस्था लागू गरिसकेको छ । मन्त्रालयले सेवाग्राहीलाई आवश्यक परे सार्वजनिक गरिएको सम्पर्क विवरण प्रयोग गरी निःशुल्क उपचार सम्बन्धी जानकारी लिन, समस्या भए गुनासो गर्न तथा सेवा प्राप्तिमा समन्वय गर्न आग्रह गरेको छ ।

## दाह्रा काटिएको धुर्वे निकुञ्जभित्रैः १०/१० मिनेटमा अनुगमन

❑ *प्रत्यूष समाचारदाता*

चितवन । बस्ती पसेर दैनिक दुःख दिने गरेको जङ्गली हात्ती धुर्वे दाह्रा काटिएपछि पनि निकुञ्ज भित्रै बस्ने गरेको छ । जनधनको क्षति पुऱ्याएपछि धुर्वेलाई नियन्त्रणमा लिएर गत असार ३१ गते चितवन राष्ट्रिय निकुञ्ज भित्रको सुखिभार पोष्ट नजिक दुईवटै दाह्रा काटिएको थियो ।

सो हात्तीका शरीरमा नयाँ 'रेडियो कलर' जडान गरिएको थियो । निकुञ्जका संरक्षण अधिकृत प्रवीन पौडेलका अनुसार दाह्रा काटिएपछि धुर्वे निकुञ्जभित्र नै बस्दै आएको छ । सो हात्ती आइतबार बिहान माडीको अमेलिया कृषि फर्म पुगेको स्थानीयवासीले जनाएका छन् । यो क्षेत्र निकुञ्जसँग जोडिएको रिउखोला आडमा पर्दछ । त्यसबाहेक बस्ती पसेर दुःख नदिएको जनाइएको छ । धुर्वेको १०/१० मिनेटमा अनुगमन गरिएको छ ।

निकुञ्ज प्रशासन र सुरक्षार्थ खटिएको नेपाली सेनाको 'अप्रेसन युनिट'ले सो हात्तीको १०/१० मिनेटको सूचना लिइरहेको छ । बस्ती नजिकको निकुञ्जको भागमा पुगेको समयमा निकटका बस्तीका बासिन्दालाई सो सूचना प्रवाह गर्ने गरिएको छ । संरक्षण अधिकृत पौडेलले भन्नुभयो, "कुनै पनि समयमा धुर्वे बस्ती पस्न सक्ने भएकाले तयारी अवस्थामा रहेका छौँ । हात्तीलाई डार्ट गर्ने क्रममा चढाइएको औषधिले केही समय शिथिल बनाउने भएकाले पहिलाको जस्तो अवस्थामा अहिले धुर्वे छैन । यसको भरोसा नहुने भएकाले निकुञ्ज प्रशासन चनाखो भएको छ ।"

पच्चीस जना मानिसको ज्यान लिएको धुर्वे हात्तीलाई नियन्त्रणमा लिएर दाह्रा काटेपछि उसको गतिविधिमा पनि कमी आएको हो । चौथो पटक धुर्वेको दाह्रा काट्ने र रेडियो कलर जडान गर्ने काम गरिएको हो । हात्ती बस्ती पसेको सूचना आएमा तुरुन्तै मध्यवर्ती उपभोक्ता समिति, सामुदायिक वन, वडा कार्यालय, स्थानीय टोल लगायतलाई सूचना दिने र सँगै निकुञ्ज सुरक्षा निकायको गस्ती स्थलगत पुगेर निकुञ्जतर्फ धपाउने गरी तयारी गरिएको उहाँले बताउनुभयो । हात्तीले गत असार २० गते राति एकैपरिवारका दुई जनाको ज्यान लिएको थियो । निकुञ्जका प्रमुख संरक्षण अधिकृत डिलबहादुर पुर्जा पुनका अनुसार पुनः यो किसिमको घटना हुन नदिन उच्च सतर्कता अपनाइएको छ । यो हात्तीलाई बथानबाट लखेटिएका कारण बस्ती आएको अनुमान गरिएको उहाँले बताउनुभयो । पहिले बथानमा रहँदा हिँड्ने माडीको धोवा, तमोरताल, खोरियामुहान र देउराली क्षेत्रमा अहिले पनि हात्ती जाने गरेको छ । हात्तीले विसं २०७४ मा सेनानी लाई आक्रमण गरेर मारेको थियो । निकुञ्जमा सबैभन्दा बढी मान्छे मार्ने हात्तीका रुपमा परिचित धुर्वेले विसं २०६८/६९ ताका दैनिक जसो मान्छेको ज्यान लिन थालेपछि विसं २०६९ को पुस १ गते चितवनका प्रमुख जिल्ला अधिकारीसहितको बैठकले हात्ती मार्न आदेश दिएको थियो । तर, यो हात्ती सेनाको गोलीबाट बच्दै आएको छ । धुर्वे हात्ती २०६९ सालको कात्तिकदेखि एक महिनाको अन्तरालमा माडीमा मात्रै चार जनाको लगातार ज्यान लिएपछि मार्ने निर्णय गरिएको थियो ।

## उद्योग वाणिज्य महासंघका थप तीन विषयगत समिति गठन

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासङ्घअन्तर्गत थप तीन वटा विषयगत समितिले पूर्णता पाएका छन् । महासङ्घका अनुसार यसअघि आठ वटा समितिले पूर्णता पाइसकेकामा बैंक, फाइनान्स तथा बिमा समिति, मेला समिति र पर्यटन तथा हवाई यातायात समिति विस्तार भएका हुन् ।

महासङ्घको सचिवालय टेकुमा सोमबार आयोजित कार्यक्रममा कार्यवाहक अध्यक्ष सुरकृष्ण वैद्यले नवनियुक्त उपसभापति, सदस्य तथा सल्लाहकारलाई मनोनयनपत्र हस्तान्तरण गर्नुभयो । उहाँले विषयगत समिति निजी क्षेत्रका समस्या, सम्भावना र आवश्यकताको पहिचान गर्ने महत्वपूर्ण संयन्त्रका रूपमा रहेका बताउनुभयो । अध्यक्ष वैद्यले समितिलाई आफ्नो क्षेत्रसँग सम्बन्धित समस्या र नीतिगत विषयमा अध्ययन गरी महासंघ मार्फत सरकारसमक्ष प्रभावकारी रूपमा प्रस्तुत गर्न आग्रह गर्नुभयो । निजी क्षेत्रको सशक्तीकरण, आर्थिक समृद्धि, नीति निर्माणमा सहजीकरण तथा लगानीमैत्री वातावरण निर्माणमा समितिको भूमिका महत्वपूर्ण रहने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

महासङ्घका वस्तुगत उपाध्यक्ष नरेशलाल श्रेष्ठले समिति महासङ्घका नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने आधारका रूपमा रहेका बताउँदै सम्बन्धित क्षेत्रका व्यवसायीका समस्या पहिचान गरी समाधानका लागि प्रभावकारी पहल गर्न आग्रह गर्नुभयो । कोषाध्यक्ष मनीषलाल प्रधानले निजी क्षेत्र, सरकार र सरोकार भएका निकायबीच समन्वय बढाउन समितिले सक्रिय भूमिका खेल्नुपर्ने बताउनुभयो । बैंक, फाइनान्स तथा बिमा समितिका सभापति हेमन्त गोल्छाले बैंक तथा वित्तीय क्षेत्रमा सहज पहुँच, ब्याजदर स्थिरता, तरलता व्यवस्थापन र निजी क्षेत्रमैत्री नीति निर्माणमा समिति सक्रिय रहने बताउनुभयो । मेला समितिका सभापति सविन श्रेष्ठले व्यापार मेला तथा प्रदर्शनीलाई व्यवस्थित, गुणस्तरीय र अन्तरराष्ट्रियस्तरको बनाउँदै स्वदेशी उत्पादनको प्रवर्द्धन र विस्तारमा जोड दिने बताउनुभयो ।

### वर्षाले बिग्रियो सडक

## एम्बुलेन्स समेत चल्न नसक्ने भएपछि आवत जावतमा समस्या

❑ *प्रत्यूष समाचारदाता*

धादिङबेशी । लगातारको वर्षाले ग्रामीण सडकहरू हिलाम्मे भएपछि धादिङको ज्वालामुखी गाउँपालिका वडा नम्बर २ स्थित मैदी जोड्ने मुख्य सडक अवरुद्ध भएको छ । सडक सञ्जाल विच्छेद हुँदा एम्बुलेन्स, खाद्यान्न ढुवानीका सवारीसाधन र सार्वजनिक यातायात सञ्चालन हुन नसकेको स्थानीयवासीले बताएका छन् ।

गाउँपालिकाका वडा नम्बर १, २, ३ र ४ जोड्ने ससाह-अमराईं-मैदी, पाल्पा भञ्ज्याङ-साँधभञ्ज्याङ-मैदी तथा ढोला-मैदी सडक खण्ड वर्षाका कारण सञ्चालनमा आउन सकेका छैनन् । बाटोमा बाक्लो लेदो र हिलो जमेपछि अत्यावश्यक कामका लागि यात्रा गर्नेहरू समस्यामा परेको स्थानीयहरुले बताएका छन् । स्थानियका अनुसार खाद्यान्न बोकेका बोलेरोसमेत गाउँ प्रवेश गर्न नसकेपछि स्काभेटर र डोजरको सहायताले वारपार गराउनुपर्ने अवस्था छ । सडक अवरुद्ध हुँदा गम्भीर बिरामीलाई उपचारका लागि सदरमुकाम लैजानसमेत कठिन भएको छ ।

ठेकेदार कम्पनीले समयमा काम नसक्दा समस्या भएको र सडकमा सवारी वा एम्बुलेन्स फसे डोजरबाट उद्धार गर्ने अस्थायी व्यवस्था गरिएको र वर्षा कम भएपछि मर्मत तथा स्तरोन्नति अघि बढाइने गाउँपालिकाले जनाएको छ ।

## राष्ट्र बैंक ऐनमा डिजिटल करेन्सी

काठमाडौं । नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ संशोधन विधेयकमा 'डिजिटल करेन्सी'लाई कानुनी मुद्राका रूपमा समेट्ने व्यवस्था गरिएको छ । निजी रूपमा जारी हुने क्रिप्टो तथा भर्चुअल करेन्सीलाई भने करेन्सी वा कानुनी ग्राह्य मुद्रा नमानिने स्पष्ट उल्लेख गरिएको छ ।

प्रतिनिधि सभाअन्तर्गतको अर्थ समितिको सोमबारको बैठकमा नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयकमाथि दफावार छलफलका क्रममा डिजिटल करेन्सीको अर्थ र कानुनी दायराबारे छलफल भएको हो । सो अवसरमा नेपाल राष्ट्र बैङ्कका कार्यकारी निर्देशक दीर्घ रावलले डिजिटल करेन्सीको व्यवस्था राख्दा केन्द्रीय बैङ्क डिजिटल करेन्सी (सीबीडीसी) समेटिने बताउनुभयो ।

क्रिप्टो तथा भर्चुअल करेन्सीलाई भने राष्ट्र बैङ्क ऐनमा समेटिरहन आवश्यक नरहेको उहाँले स्पष्ट पार्नुभयो । कार्यकारी निर्देशक रावलका अनुसार क्रिप्टो तथा भर्चुअल करेन्सीसँग सम्बन्धित विषय सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुनबाट सम्बोधन भइसकेका छन् । अर्थ सचिव डा घनश्याम उपाध्यायले डिजिटल करेन्सी र डिजिटल बैङ्किङ प्रणालीलाई एउटै विषयका रूपमा परिभाषित गर्न आवश्यक नरहेको बताउनुभयो । डिजिटल करेन्सीको स्वरूप र सञ्चालन प्रणाली त्यसकै पद्धतिभित्र पर्ने भएकाले छुट्टै डिजिटल करेन्सी प्रणाली उल्लेख गर्न आवश्यक नरहेको उहाँको भनाइ थियो । सचिव डा उपाध्यायले आवश्यक स्पष्टताका लागि नेपाल राष्ट्र बैङ्कले तोकेको डिजिटल करेन्सी भन्ने व्यवस्था गर्न सकिने सुझाव दिनुभयो ।

करेन्सी मूलतः केन्द्रीय बैङ्कसँग सम्बन्धित विषय भएकाले डिजिटल करेन्सी भन्नाले केन्द्रीय बैङ्कले जारी वा तोकेको डिजिटल मुद्रा बुझिने उहाँले स्पष्ट पार्नुभयो । संशोधन प्रस्तावमा ऐनको दफा २ को उपदफा ४ को खण्ड (झ) मा 'करेन्सी' भन्नाले नगदका रूपमा चलनचल्तीमा रहेको बैङ्क नोट सम्झनुपर्ने र सो शब्दले सिक्का तथा बैङ्कबाट जारी भएको डिजिटल करेन्सीसमेत जनाउने व्यवस्था गरिएको छ । हालको ऐनमा भने बैङ्क नोट र सिक्कालाई मात्र करेन्सीको परिभाषामा समेटिएको छ ।

त्यसअघि संशोधनकर्तारले केन्द्रीय बैङ्क डिजिटल मुद्रा (सीबीडीसी)' भन्नाले बैङ्कले जारी गर्ने डिजिटल स्वरूपको कानुनी ग्राह्य मुद्रा सम्झनुपर्ने र सो शब्दले डिजिटल बैङ्किङ प्रणालीसमेत जनाउने व्यवस्था प्रस्ताव गर्नुभएको थियो । संशोधनकर्ताबाट बैङ्कबाट जारी भएको डिजिटल करेन्सी भन्नाले नेपाल राष्ट्र बैङ्कद्वारा जारी, नियन्त्रण र निपटान गरिएको केन्द्रीय बैङ्क डिजिटल करेन्सी (सीबीडीसी) सम्झनुपर्ने तथा निजी रूपमा जारी हुने भर्चुअल करेन्सी वा क्रिप्टो करेन्सीलाई ऐनको प्रयोजनका लागि करेन्सी वा कानुनी ग्राह्य मुद्रा नमानिने व्यवस्था राख्न सुझाव दिइएको थियो ।

## सम्पादकीय ....

### सबैको बुझाई एक हुनुपर्ने

नेपालले व्यक्तिगत र आर्थिक आशावादितामा श्रीलङ्काको ४.३३ लाई समेत पछाडि पारेको देखिन्छ, जुन अक्सफोर्ड स्कोलास्टिकाकै रिपोर्टमा उच्चतम अङ्क पाएको देश हो । वातावरणीय र राजनीतिक आशावादितामा नेपाल पछाडि छ। कुवेत २.९२ जस्तो न्यूनतम आशावादी देशमा संस्थागत अविश्वास र जलवायु चिन्ताले समग्र स्कोर तल तानेको देखिन्छ । नेपालको अवस्था फरक छ किनभने यहाँको आशावादिता सांस्कृतिक र आर्थिक सुरक्षाबाट आउँछ, संस्थागत सुधारप्रतिको विश्वासबाट होइन ।

वातावरणीय र राजनीतिक आशावादिता व्यक्तिगत आशावादिताभन्दा उल्लेखनीय रूपमा तल देखिन्छन्, जसले युवा आफूमाथि विश्वस्त छन् तर प्रणालीमाथि छैनन् भन्ने सङ्केत गर्छ। जलवायु जोखिम हेर्दा यो खाडल अझ स्पष्ट हुन्छ। जलवायु सम्बन्धित विपत्तिले नेपाललाई बर्सेनि प्रभावित पारिरहेको विभिन्न अन्तर्राष्ट्रिय सूचकाङ्कले देखाउँछन् । तैपनि वातावरणीय आशावादिता मध्यम स्तरमै छ किनभने युवाको पहिलो प्राथमिकता दिगो विकासभन्दा आर्थिक गतिशीलता नै हो ।

यो डाटा आफैँमा कति भरपर्दो छ भन्ने प्रश्न स्वाभाविक हो र यहाँ तथ्याङ्कीय सावधानी जरुरी हुन्छ। कुनै ठुलो संस्था वा अध्ययनले भन्यो भन्दैमा त्यसलाई जस्ताको तस्तै पत्याउनुभन्दा हरेक अङ्कको स्रोत, नमुना र सीमा आफैँ जाँच्ने बानीले नै हामीलाई भरपर्दो सूचना दिन्छ । अक्सफोर्डको अध्ययनका एक हजार ३२३ सहभागी मूलतः निबन्ध प्रतियोगितामा सहभागी भएका, अङ्ग्रेजीभाषी, सहरी र निजी वा बोर्डिङ विद्यालयका विद्यार्थी हुन्, जसले ग्रामीण, सरकारी विद्यालय र गैरअङ्ग्रेजी माध्यमका युवाको आवाज छुटाएको देखिन्छ । यसको ठिक विपरीत, नेपाल इन्स्टिच्युट फर पोलिसी रिसर्चले जर्मनीको फ्रिडरिख एबर्ट फाउन्डेसनसँग मिलेर तयार पारेको २०२६ को जेनजी आन्दोलन प्रतिवेदनले फराकिलो, बहुप्रादेशिक नमुनाबाट फरक तस्बिर देखाउँछ । यी दुई फरक तस्बिर एउटै समाजका दुई फरक तप्काका आवाज हुन्, एउटाले सम्भ्रान्त वर्गलाई र अर्कोले व्यापक जनसमूहलाई प्रतिनिधित्व गर्छ र यी नमुना एकअर्काको प्रतिस्थापन होइनन् बरु परिपूरक हुन् ।

के विद्यालयले विद्यार्थीलाई उद्यमशीलता सिकाउँदै छन्, कि केवल विदेश जाने तयारी गराउँदै छन् ? के डिजिटल सिप फ्रिलान्सिङका लागि मात्र सोचिँदै छन्, कि स्थानीय स्टार्टअपका लागि पनि ? के नीतिनिर्माताले सौर्य ऊर्जा वा इको टुरिजम जस्ता हरित रोजगारीमा पर्याप्त लगानी गर्दै छन्, जसले युवालाई स्वदेशमै आकर्षित गर्न सकोस् ?

प्राविधिक शिक्षामा लगानी साँच्चै बढ्दै छ, कि व्यवस्थापन र मानविकी विषयमै भिड थपिँदै छ ? के अभिभावकले आफैँ अनजानमै भए पनि विदेश जानु नै सफलता हो भन्ने सन्देश सन्तानलाई दिइरहेका छन् ?

के विद्यालय र समाजले स्वदेशमै टिकेर काम गर्नेलाई पनि उत्तिकै सम्मान दिने वातावरण बनाइरहेका छन्, कि विदेश फर्केकालाई मात्र सफलताको मापदण्ड मानिन्छ ? यी प्रश्नको उत्तर एक व्यक्तिले होइन, समाजले सामूहिक रूपमा खोज्नुपर्ने देखिन्छ ।

## दाइजो बेचेर खाडी पसेकी थिएँ, अहिले घर जग्गा जोडेँ

मधु शाही

माइतीले दिएको सुन बेचेर धुलिखेलकी सीता बजगाईं कुवेतमा घरेलु श्रमिकका लागि पुग्नुभयो। घर खर्च जुटाउन सुन बेचेर विदेशिनु उहाँको बाध्यता थियो । त्यसमा पनि साना नानीहरूलाई कोठा भाडामा राखेर समुन्द्रपारि जानु उहाँका लागि सजिलो थिएन ।

डेढ दशकअघि घरेलु कामदारका रुपमा खाडी मुलुक पुग्दाका सङ्घर्ष सम्झिँदा बजगाईंको जीवनमा धेरै सिक्ने र अनुभव गर्ने अवसर पाएको बताउनुहुन्छ । "सन्तान हेरिदिने कोही थिएन", उहाँ विगत सम्झँदै भन्नुहुन्छ, "ड्युटीबाट बिदा हुनेबित्तिकै छोराछोरीलाई भिडियोमार्फत फोन गर्थें, उनीहरूलाई सम्झाउँदै आफैँ रुन्थेँ ।"

बजगाईंका श्रीमान् भए पनि पारिवारिक जिम्मेवारी र छोराछोरीको पालनपोषणमा ध्यान नदिएपछि कलिला नानी छोडेर विदेशिनु परेको थियो । परिवार धान्नका लागि वैदेशिक रोजगार रोज्नुपरेको आफ्नो बाध्यता रहेको उहाँ बताउनुहुन्छ ।

ती विगत थिए, अहिले भने बजगाईंको आर्थिक स्थिति सुल्झिएको छ। करिब डेढ दशक खाडीमा घरेलु श्रम गरेर जम्मा गरेको पैसाले उहाँमा आत्मविश्वास पलाएको छ । यतिमात्रै होइन उहाँ छोराछोरीको पढाइलेखाइसँगै घरजमिन जोड्न सफल हुनुभएको छ। "यदि विदेश नगएको भए आर्थिक उन्नति सम्भव थिएन", उहाँ भन्नुहुन्छ ।

बजगाईंले महिला भएकै कारण कानुनी रूपमा विदेश जाने अवसर नपाएपछि भारत हुँदै अवैध बाटोबाट कुवेत पुग्नुपरेको सङ्घर्षपूर्ण कथा सुनाउनुहुन्छ। उहाँले भाग्यले साथ दिएर घरेलु श्रमिकका रूपमा त्यहाँ रोजगार पाउनुभयो । सबैको हकमा यस्तै सहज हुन्छ भन्ने निश्चित भने नभएको उहाँ बताउनुहुन्छ। उहाँका अनुसार आफूसँगै गएका केही साथीहरूले निकै दुःख पाएका छन् । "खाडी मुलुकमा घरेलु श्रमिक महिला कामदारले राम्रो काम पाउनु भाग्यमानी सम्झनुपर्छ", उहाँ भन्नुहुन्छ ।

लामो समय वैदेशिक घरेलु श्रमिकका रूपमा काम गरेपछि उहाँले आर्जेको आम्दानीले अहिले धुलिखेलमा एक बिघा जग्गा किनेर कृषि कर्म सुरु गर्नुभएको छ । "विदेशमा त्यति दुःख नगरेको भए आज बस्ने बास पनि हुँदैनथ्यो", उहाँ भन्नुहुन्छ, "विवाहमा माइतीले दिएको सुन बेचेर खाडी पसेकी थिएँ, अहिले घर बनाएँ । जग्गा जमिन जोडेँ ।"

काभ्रेकी कृष्णामाया लामा पनि वैदेशिक रोजगारबाट यस्तै फरक कथा बोकेर फर्किनुभएको छ। दुई दशकअघि १५ महिनाको छोरालाई श्रीमान्को जिम्मा लगाएर घरेलु कामदारका रूपमा कुवेत जानुभएकी उहाँ पछि कतार, साउदी अरेबिया हुँदै दुबईसम्म पुग्नुभयो। केही महिनाअघि मात्र नेपाल फर्किनुभएकी लामा सुरुमा आफन्त र छिमेकीबाट आलोचित हुनुभएको थियो ।

"पहिला लोग्ने र छोरो छोडेर विदेश गएकी भनेर कुरा काट्थे। अहिले घर, सम्पत्ति र परिवार मिलेको देखेर तिनै मानिसहरूले प्रशंसा गर्छन्", उहाँ भन्नुहुन्छ। उहाँका अनुसार वैदेशिक रोजगारीले आर्थिक अवस्था मात्रै होइन, आफूमा आत्मविश्वास पनि बढाएको छ। उहाँ परिवारको खर्च धान्न महिलाले पनि सुरक्षित र कानुनी रूपमा विदेशमा काम गर्न पाउने वातावरण राज्यले बनाउनुपर्ने आवश्यकता औँल्याउनुहुन्छ। नेपाल सरकारले खाडी मुलुकमा घरेलु कामदारका रूपमा महिलाको श्रम आप्रवासनमा लामो समयदेखि विभिन्न प्रतिबन्ध लगाउँदै आएको छ । तर, प्रतिबन्धका बाबजुद महिलाहरू भारतलगायत तेस्रो मुलुक हुँदै अनौपचारिक बाटोबाट विदेश जाने क्रम भने रोकिएको छैन ।

महिला पुनर्स्थापना केन्द्र (ओरेक) नेपालकी अध्यक्ष सविता पोखरेलका अनुसार कानुनी प्रक्रिया बाहिर गएर वैदेशिक रोजगारीमा जाने महिलाहरू श्रम शोषण, हिंसा, तलब नपाउने, उद्धारमा कठिनाइ तथा कानुनी संरक्षण नपाउनेलगायत गम्भीर समस्यामा पर्ने गरेका छन्। श्रमजीवी महिला मञ्चकी अध्यक्ष भीमा लुइँटेल पनि आफू पर्यटक भिसामा इजरायल पुगेको र त्यहाँबाट घरेलु काममा लगाइएको अनुभव सुनाउनुहुन्छ । सुरुमा दुर्गम क्षेत्रमा रहेको एक परिवारको घरमा कठिन परिस्थितिमा काम गर्नुपरेको र पछि अर्को घरमा सरेपछि अवस्था केही सहज भएको उहाँ बताउनुहुन्छ ।

सन् २००६ देखि २०१२ सम्म विदेशमा काम गरेर नेपाल फर्किनुभएकी लुइँटेल अब भने स्वदेशमै अटोरिक्सा चलाउँदै जीविकोपार्जन गर्दै आउनुभएको छ । उहाँ भन्नुहुन्छ, "विदेश नजाँदा घर बाहिरको काम गर्न डर लाग्थ्यो । अहिले आफैँ अटोरिक्सा चलाउने भएकी छु। विदेशले धेरै कुरा सिकायो ।"

ओरेकले गरेको अनुसन्धान अनुसार नेपालले सन् २०१७ मा श्रमिकलाई घरेलु श्रमिकका रूपमा वैदेशिक रोजगारीमा जान लगाएको प्रतिबन्धका कारण विशेषतः कागजविहीन महिला घरेलु श्रमिकहरूको वास्तविक सङ्ख्या यकिन गर्न कठिन छ । यद्यपी, खाडी तथा मलेसियाजस्ता मुख्य गन्तव्य मानिएका देशहरूमा आठ लाखभन्दा बढी नेपाली श्रमिक रहेकामा ६० हजार महिला श्रमिक कागजविहीन रहेका ओरेकले अनुमान गरेको छ। महिला श्रमिकको तथ्याङ्क हेर्दा विगत १४ वर्ष (२०१० देखि २०२४) सम्म चार सय जनाको मृत्यु भएको देखिन्छ ।

सन् २०११ मा सात प्रतिशतभन्दा कम रहेको महिला श्रमिकको हिस्सा सन् २०२१ मा करिब ११ प्रतिशत पुगेको छ। श्रम स्वीकृतिको तथ्याङ्कअनुसार सन् २००८/९ मा चार प्रतिशतभन्दा कम रहेको महिला श्रमिकको हिस्सा सन् २०२३/२४ मा झण्डै १३ प्रतिशत पुगेको छ ।

अनुसन्धानको अनुमानित तथ्याङ्क अनुसार हाल ६० हजारदेखि एक लाखसम्म नेपाली महिला खाडी मुलुकमा घरेलु कामदारका रूपमा कार्यरत छन् भने अनौपचारिक माध्यम प्रयोग गर्नेहरूको सङ्ख्या अझ बढी हुनसक्ने देखिन्छ। अनुसन्धानकर्ता भगतको रिसर्च प्रतिवेदनमा प्रतिबन्धले महिलालाई सुरक्षित रोजगारीबाट रोक्नुको सट्टा झन जोखिमपूर्ण र अनौपचारिक बाटो रोज्न बाध्य बनाएको निश्कर्ष निकालेको छ । यसले उनीहरूलाई श्रम शोषण, मानव बेचबिखन, बेपत्ता हुने, मृत्यु हुने तथा उद्धार र कानुनी संरक्षणबाट बञ्चित हुने जोखिमसमेत बढाएको पनि प्रतिवेदनमा उल्लेख। उक्त प्रतिवेदनमा कोभिड-१९ महामारीका बेला यस्तो समस्या स्पष्ट देखिएको थियो ।

सरकारले वैदेशिक रोजगारमा जाँदा हिंसामा परेका नागरिकको उद्धार प्रक्रियामा समेत विभेद रहेको छ। औपचारिक श्रम प्रणालीमा दर्ता भएका कामदारलाई मात्रै उद्धारको प्राथमिकता दिइँदा अनियमित माध्यमबाट विदेश गएका धेरै नेपाली महिला राज्यको सहयोगबाट बञ्चित भएका थिए। पछि मापदण्ड संशोधन गरिए पनि उक्त घटनाले प्रतिबन्धका कारण अनौपचारिक आप्रवासनमा जाने महिलाले राज्यको संरक्षण गुमाउने अवस्था सिर्जना भएको तथ्य उजागर गरेको थियो। अनुसन्धानकर्ता भगतले लैङ्गिकताका आधारमा महिलामाथि वैदेशिक रोजगारमा जाने अवसर रोक लगाउन नहुने बताउनुहुन्छ ।

विदेश गएर घरको आर्थिक र पारिवारिक स्थिति सुधार्ने मात्रै नभई देशकै अर्थतन्त्रमा सहयोग पुर्याउँदै आएको उहाँ बताउनुहुन्छ । तर, राज्यले भने महिला कामदारलाई विदेशमा श्रम गर्न जाने वैधानिक बाटो खुला र व्यवस्थित गर्नु उचित हुने उहाँको अनुसन्धानको जोड छ। "समान रोजगार प्रदान गर्नु राज्यको दायित्व पनि हो।"अनुसन्धानको प्रतिवेदनको निष्कर्षमा महिलाको वैदेशिक रोजगारीमाथि प्रतिबन्ध लगाउने नीति प्रभावकारी नभई उल्टै उनीहरूलाई थप असुरक्षित बनाउने माध्यम बनेको छ। त्यसैले प्रतिबन्ध भन्दा सुरक्षित, व्यवस्थित र अधिकारमा आधारित श्रम आप्रवासन नीति आवश्यक रहेको विषयमा जोड गरिएको छ।

## भरतपुर अस्पतालमा प्रसूति शैया अभाव

चितवन । भरतपुर अस्पतालमा प्रसूति शैया अभाव हुँदा सुत्केरी पश्चातको सेवा 'म्याट्रेस' राखेर प्रदान गर्नु परेको छ । गत असार दोस्रो साताबाट आगामी भदौसम्म अस्पतालमा सुत्केरी सेवा लिनेको उच्च चाप हुने गर्दछ । अस्पतालमा प्रसूतिसँग सम्बन्धित शय्याहरु १११ छन् । प्रसूति शल्यक्रियापछि राख्ने 'गाइने'को 'पोष्टअप' २३ शैया, गाइने शैया २३, जटिल गाइने १०, प्रसूतिपछि राख्ने 'पोष्टनेल' २३, प्रसूति भर्ना चार, प्रसूति 'वेटिङ' १५, प्रसूति 'एक्टिभ' पाँच, 'लेबर' तीन र 'बर्थिङ युनिट' पाँच शैया छन्। वरिष्ठ प्रसूति रोग विशेषज्ञ सहप्रध्यापक डा रामप्रसाद सापकोटाका अनुसार अस्पतालमा दैनिक ४० देखि ५० जनाको प्रसूति गराउने गरिएको छ । सुत्केरी हुनुअघि औषधि चलाउँदा शैयामा राखेर मात्र चलाउने गरिएको छ । त्यसअघि पालो कुर्नका लागि भुइँमा 'म्याट्रेस'मा राख्न बाध्य भएको उहाँले बताउनुभयो । चितवन सहित छिमेकी जिल्लाका प्रसूति सेवा लिनेहरुको पहिलो रोजाइ भरतपुर अस्पताल हुने गर्दछ। अनुभवी नर्सिङ सेवासँगै विज्ञ चिकित्सक र बाल सघन उपचार कक्ष भएकाले प्रसूति गराउनेहरुको रोजाइ भरतपुर अस्पताल हुने गर्दछ।

अस्पतालका प्रवक्ता समेत रहनुभएका उहाँले भन्नुभयो, "अन्य मौसममा प्रसूति गराउन आउनेको सङ्ख्या कम हुने भएकाले सहजै शैया पाउने भए पनि यो समयमा गाह्रो हुने गरेको छ।" यही समयका लागि मात्रै शैया व्यवस्थापन गर्न कठिन हुने भएकाले गर्भवतीले सहज सुविधा पाउन गाह्रो भएको उहाँले बताउनुभयो । वरिष्ठ प्रसूति रोग विशेषज्ञ सापकोटाका अनुसार असोज, कात्तिक महिनामा दसैं र तिहार जस्ता पर्व मनाउन घरबाहिर रहेकाहरु घरमा आउने गर्दछन् । सोही समयमा गर्भ बसेकाहरुको यो समयमा सुत्केरी गर्दछ। सोही कारणले यो समयमा प्रसूति गराउनेहरुको सङ्ख्या बढेको हुन सक्ने जनाइएको छ।

## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं ।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

नेपाल सरकार,
विज्ञापन वोर्ड

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## सांस्कृतिक तथा राष्ट्रिय महत्वका चलचित्रलाई साढे तीन करोड अनुदान

काठमाडौँ । सांस्कृतिक तथा राष्ट्रिय महत्वका विषयवस्तुमा आधारित चलचित्र निर्माणलाई प्रोत्साहन गर्ने उद्देश्यले सरकारले ल्याउन लागेको 'सांस्कृतिक तथा राष्ट्रिय महत्वको क्षेत्रमा चलचित्र निर्माणका लागि प्रोत्साहन अनुदान कार्यक्रमसम्बन्धी कार्यविधि, २०८३' को मस्यौदामाथि सरोकारवालासँग छलफल गरिएको छ ।

सूचना तथा सञ्चार मन्त्रालयमा सोमबार आयोजित अन्तरक्रियामा चलचित्र क्षेत्रसँग सम्बन्धित विभिन्न संस्था, चलचित्र निर्माता, निर्देशक, कलाकार तथा विज्ञहरूको सहभागिता रहेको थियो । चलचित्र क्षेत्रलाई प्रोत्साहन गर्न चालु आर्थिक वर्ष २०८३/८४ का लागि विनियोजन गरिएको रु तीन करोड ५० लाख अनुदान रकम पारदर्शी, प्रभावकारी र उपलब्धिमूलक ढङ्गले परिचालन गर्न कार्यविधि तयार गर्ने उद्देश्यले मन्त्रालयले सरोकारवालाको सुझाव लिएको हो । कार्यक्रममा सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले चलचित्र क्षेत्रको विकासमा सरकारको सहयोगलाई व्यवस्थित बनाउन स्पष्ट र व्यवहारिक कार्यविधि आवश्यक पर्ने बताउनुभयो । चलचित्रसँग सम्बन्धित संस्था तथा सर्जकलाई उपलब्ध गराइने अनुदान र आर्थिक सहायता रकमको बाँडफाँट तथा खर्च प्रक्रियालाई सुव्यवस्थित, पारदर्शी, प्रभावकारी र नियमित बनाउन कार्यान्वयनयोग्य कार्यविधि आवश्यक पर्ने उहाँको भनाइ छ ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले सांस्कृतिक तथा राष्ट्रिय महत्वका विषय समेटिएका यथार्थपरक, मौलिक र उत्कृष्ट चलचित्र निर्माणलाई प्रोत्साहन गर्ने सरकारको उद्देश्य रहेको उल्लेख गर्दै अनुदान वितरण प्रक्रियामा पारदर्शिता तथा जवाफदेहिता सुनिश्चित गरिनुपर्नेमा जोड दिनुभयो ।

"अनुदान रकम दुरुपयोग नहोस् र त्यस्तो अनुदान लिनका लागि प्रक्रिया अनावश्यक रूपमा झन्झटिलो नहोस् भन्ने उद्देश्यले कार्यविधि निर्माणमा पर्याप्त तयारी गर्न आवश्यक छ । नागरिकको करबाट सङ्कलित रकम चलचित्र निर्माणमा खर्च गर्दा त्यसले देश, समाज र जनताका लागि महत्वपूर्ण योगदान गर्न सक्नुपर्छ । सोहीअनुरुप कार्यान्वयनयोग्य र प्रभावकारी कार्यविधि बनाउन सबै सरोकारवालासँग सरकारले सुझाव लिन्छ," उहाँले भन्नुभयो । सञ्चारमन्त्री डा तिमिल्सिनाले सरकारी स्रोतको उपयोगबाट निर्माण हुने चलचित्रले नेपालको इतिहास, संस्कृति, राष्ट्रिय पहिचान, सामाजिक मूल्य तथा समसामयिक यथार्थलाई सशक्त रूपमा प्रस्तुत गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । सार्वजनिक लगानीको प्रतिफल समाजले प्रत्यक्ष अनुभूति गर्न सक्ने व्यवस्था कार्यविधिमार्फत सुनिश्चित गरिनुपर्ने उहाँको भनाइ थियो ।

अन्तरक्रियाका क्रममा चलचित्र कर्मीहरूले चलचित्र क्षेत्रलाई प्रत्यक्ष सहयोग गर्ने सरकारको नीति सकारात्मक रहेको धारणा राख्नुभयो । यद्यपि, अनुदान वितरण प्रक्रिया पारदर्शी र निष्पक्ष हुनुपर्ने तथा त्यसको दुरुपयोग हुन नदिन कार्यविधिमै स्पष्ट मापदण्ड समावेश गर्नुपर्नेमा उहाँहरुको जोड थियो । अन्तरक्रियामा सहभागीहरूले राज्यले अनुदान उपलब्ध गराएर त्यसबाट के उद्देश्य हासिल गर्न खोजेको हो भन्ने विषय कार्यविधिमा स्पष्ट उल्लेख हुनुपर्ने सुझाव दिनुभयो । त्यस्तै, कस्ता चलचित्रले अनुदान पाउने र कस्ता चलचित्र अनुदानका लागि अयोग्य हुने भन्ने स्पष्ट मापदण्ड निर्धारण गर्नुपर्ने, सरकारले प्राथमिकता दिन चाहेको चलचित्रको स्वरूप स्पष्ट हुनुपर्ने तथा मूल्याङ्कनका आधारहरू खुला र वस्तुगत बनाउनुपर्ने सुझाव सरोकार वालाहरुबाट आएका छन् ।

सरकारले अनुदान दिँदा पुरानो र स्थापित चलचित्र निर्मातालाई भन्दा नयाँ तथा उदीयमान चलचित्रकर्मीलाई विशेष प्रोत्साहन गर्ने व्यवस्था कार्यविधिमा गर्नुपर्ने सुझाव सरोकार वालाबाट आएका छन् । साथै पर्यटन प्रवर्द्धन, नेपाली कला-संस्कृतिको संरक्षण, राष्ट्रिय एकता, सामाजिक सद्भाव, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायका विषयलाई केन्द्रमा राखेर निर्माण हुने चलचित्रलाई प्राथमिकता दिनुपर्ने सुझाव आएका छन् । छलफलमा सहभागीहरूले चलचित्र उद्योगलाई सिर्जनात्मक उद्योगका रूपमा विकास गर्न सरकारी प्रोत्साहन आवश्यक भए पनि त्यसको प्रभावकारिता नतिजामा आधारित हुनुपर्ने उल्लेख गर्नुभयो । अनुदान प्राप्त चलचित्रको गुणस्तर, सामाजिक प्रभाव र सार्वजनिक उत्तरदायित्व सुनिश्चित गर्न अनुगमन तथा मूल्याङ्कनको प्रभावकारी व्यवस्था कार्यविधिमा समावेश गर्नुपर्ने सुझाव समेत प्रस्तुत गरिएको थियो ।

## जागरण अभियान सञ्चालन गर्दै एमाले

काठमाडौँ । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले पार्टी विस्तारको दायरा फराकिलो बनाउन हरेक वर्ग, समुदाय र पेसागत क्षेत्रलाई समेटेर जागरण अभियान सञ्चालन गरिएको बताउनुभएको छ ।

पार्टीका प्रदेश कमिटीका पदाधिकारी र 'मिसन पार्टी जागरण अभियान' का केन्द्रीय प्रतिनिधिसँग सोमबार भर्चुअल बैठक गर्दै महासचिव पोखरेलले पार्टीको जनतासँग टुटेको सम्बन्धलाई जोड्ने उद्देश्यका साथ अभियान ल्याइएकाले प्रभावकारी बनाउन निर्देशन दिनुभएको हो । पार्टीले अभियानका लागि सबै पालिका तहसम्म केन्द्रीय प्रतिनिधि खटाएको छ । महासचिव पोखरेलले पार्टीमा सङ्गठनात्मक पुनःगठनको कार्यलाई तल्लो तहसम्म विस्तार गरिने बताउनुभयो ।

पार्टीका सचिव भानुभक्त ढकालले सदस्यता नवीकरणको समय सीमा अभियानका क्रममा सदस्यता नवीकरणलाई पनि तीव्रता दिइने जानकारी दिनुभयो ।

## मधेसमा पानीको अभाव

काठमाडौँ । जल भण्डारको भरपर्दो र व्यावहारिक स्रोतका रूपमा रहेको भूमिगत जलको अत्यधिक दोहन बढ्दै जाँदा मधेस प्रदेशमा पानीको उपलब्धता घट्दै गएको संसदीय समितिको अध्ययनले ठहर गरेको छ ।

राष्ट्रियसभाको सोमबारको बैठकमा विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापति कृष्णप्रसाद पौडेलले 'मधेस प्रदेशमा खानेपानी, सरसफाइ तथा जलस्रोत व्यवस्थापन सम्बन्धी अध्ययन प्रतिवेदन, २०८३' प्रस्तुत गर्दै भूमिगत जल अनुगमनका तथ्याङ्क तथा समुदायको अवलोकनबाट औसत रूपमा भूमिगत जलसतह करिब दुई मिटरदेखि तीन मिटरले घटेको देखिएको जानकारी दिनुभयो ।

"यही कारणले मधेस प्रदेशभरि रहेको सतही हाते पम्प, इनार तथा ट्युबवेलबाट पानी आउन छाडेको छ । खानेपानी आपूर्ति र कृषि उत्पादन दुवै क्षेत्रमा गम्भीर असर परेको देखिन्छ", उहाँले भन्नुभयो । मधेस प्रदेशका आठवटै जिल्लालाई समेटेर गरिएको सो अध्ययनले मधेसका पश्चिमी तथा मध्य भागका जिल्लामा भूमिगत जलस्तर तीन मिटरभन्दा बढी घटेको र हाते पम्पको सक्सन सीमा सतहबाट करिब सातदेखि आठ मिटरभन्दा तल झरेकाले करिब ६० प्रतिशतभन्दा बढी हाते पम्पबाट पानी आउन छाडेको अध्ययनका क्रममा पाइएको सभापति पौडेलले जानकारी दिनुभयो ।

"धनुषाको हंसपुरलगायत स्थानमा करिब ९० प्रतिशतसम्म हाते पम्पबाट पानी आउन छाडेको अवस्था छ । खानेपानी आपूर्तिलगायत स्वास्थ्य संस्था, विद्यालय तथा स्थानीय जीविकोपार्जन प्रणालीमा समेत व्यापक र गम्भीर नकारात्मक असर पारेको देखिन्छ", उहाँले भन्नुभयो ।

पानी पुनर्भरणमा भएको ढिलाइका कारण गहिरा जलभृतले पनि उल्लेखनीय चापको सामना गर्नुपरेको देखिएको सभापति पौडेलले जानकारी दिनुभयो । "लामो समयसम्म पर्याप्त रूपमा पुनर्भरण नहुँदा केवल माथिल्लो तह मात्र होइन, सम्पूर्ण जलभित्र प्रणाली नै प्रभावित भइरहेको अवस्था छ", उहाँले भन्नुभयो । समितिको अध्ययनअनुसार सन् २०२५ को खडेरीका कारण देशभरि भूमिगत जल भण्डारणमा अनुमानित तीन हजार ६७५ मिलियन घनमिटर कमी आएको छ । यो परिमाण खडेरी भएको वर्षमा भएको पुनर्भरण (करिब ३०० मिलियन घनमिटर) भन्दा धेरै बढी हो र दीर्घकालीन औसत पुनर्भरणभन्दा पनि उच्च रहेको देखिन्छ ।

"यो सङ्कट केवल एक पटकको मौसममा आएको परिवर्तनले मात्र भएको होइन, बरु पुनर्भरण र दोहनबीच देखिएको प्रणालीगत असन्तुलनका कारणले हो भन्ने विभिन्न तथ्य र तथ्याङ्कले पुष्टि गरिसकेको छ", सभापति पौडेलले भन्नुभयो ।

चुरे भावर क्षेत्रले मधेसको भूमिगत जल प्रणालीको पुनर्भरणमा एउटा मेरुदण्डको काम गर्ने उल्लेख गर्दै उहाँले चुरे क्षेत्रमा पुनर्भरण प्रक्रियाको संरक्षण, सम्बर्द्धन, पुनर्भरण स्थापना गर्नु नै मधेसको दीर्घकालीन भूमिगत जल उत्थानशीलताको सबैभन्दा प्रभावकारी उपाय हुने बताउनुभयो । सभापति पौडेलले मधेसमा बारम्बार दोहोरिने जल सङ्कटको प्रतिक्रियामुखी अवस्थाबाट जलवायु अनुकूलन, जल सुरक्षातर्फ रूपान्तरण गर्न स्पष्ट नीति र योजना तर्जुमा गर्नु तथा निरन्तर रूपमा पानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा स्रोत सुनिश्चित गर्नु आजको अपरिहार्यता भएको बताउनुभयो ।

समितिको २०८३ असार २९ गतेको बैठकले सो अध्ययन प्रतिवेदन पारित गरेको थियो । तत्कालीन खानेपानी, सरसफाइ तथा स्वच्छता उपसमितिका संयोजक उर्मिला अर्यालको संयोजकत्वको समितिले उक्त अध्ययन गरेको हो ।

पछिल्ला दुई/तीन वर्षयता मधेसमा कम वर्षा हुँदा त्यसबाट खानेपानी र सिँचाइको चरम अभाव हुँदै गएको जनाउँदै २०८२ असार २६ गते मधेस प्रदेश सरकारले सुख्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो । सङ्घीय सरकारले समेत २०८२ साउन ८ गते मधेश प्रदेशभर तीन महिना अवधिका लागि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको थियो ।

## मालिका सामुदायिक वनका पदाधिकारीविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौँ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सुर्खेतको चौकुने गाउँपालिका-१ स्थित मालिका सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीविरुद्ध भ्रष्टाचारको मुद्दा दायर गरेको छ ।

मालिका सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरूले काम नै नभएको शीर्षकहरुमा समेत खर्च भएको भनी झुट्टा विवरण तयार गरी भ्रष्टाचार गरेको आरोपसहित आयोगले विशेष अदालतमा भ्रष्टाचारको मुद्दा दायर गरेको हो । आव २०७२/७३ देखि आव २०७८/७९ सम्मको झाडी सफाइ, अग्नी रेखा निर्माण, खरघाँस रोपण/वृक्षरोपण, वनहेरालु तलब, भैँसी पालन, बाख्रापालन, डढेलो नियन्त्रण, मौरी घार समेतका खर्चहरूको नक्कली बिल भरपाइ देखाइ लेखापरीक्षण गरी वनबाट आम्दानी भएको रकम हिनामिना गर्ने कार्य गरेको आयोगको आरोप छ । "मालिका सामुदायिक वन उपभोक्ता समूहले काठ बिक्री गरेवापत आम्दानी भएको समितिको रकम काम नै नभएको शीर्षकहरूमा खर्च भएको भनी झुट्टा विवरण तयार गरी गराई लेखापरीक्षण प्रतिवेदनमा देखाइ आव २०७२/७३ मा रु २८ लाख ५८ हजार २०० आम्दानी गरेकामा रु १६ लाख ४३ हजार हिनामिना हानी नोक्सानी गरे गराएको पाइयो", आयोगद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "आव २०७३/७४ मा काठ बिक्री वापत रु १६ लाख १८ हजार आम्दानी भएकामा हानी नोक्सानी गरे गराएको, आव २०७४/७५ मा काठ बिक्री तथा आपूर्तिवापत रु १५ लाख ७५ हजार आम्दानी भएकामा रु १३ लाख ६५ हजार हिनामिना हानी नोक्सानी गरेको पाइयो ।"

विज्ञप्ती अनुसार आव २०७५/७६ तथा आव २०७६/७७ मा समितिको रकम रु तीन लाख ९० हजार हिनामिना हानिनोक्सानी गरको पाइएकाले मुद्दा दायर गरिएको हो । मालिका सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष, सचिव, कोषाध्यक्ष र लेखापरीक्षकसमेतको मिलेमतो तथा योजनामा उक्त वन उपभोक्ता समूहले काठ बिक्री तथा आपूर्तिबाट आम्दानी गरेको रकमबाट आव २०७२/७३ देखि आव २०७६/७७ सम्ममा रु ३९ लाख १२ हजार हिनामिना हानी नोक्सानी गरेको पाइएको छ । प्रतिवादीहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा दफा १९ को उपदफा (१) बमोजिमको कसुरजन्य कार्य भएको हुँदा देहायका प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौँमा आरोपपत्र दायर गरिएको आयोगले जनाएको छ ।

मालिका सामुदायिक वन उपभोक्ता समूहका पूर्वअध्यक्ष खीमबहादुर सावद, सचिव बनौली रोकाय र कोषाध्यक्ष जमानसिंह धामीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसुरमा बिगो रु १६ लाख ४३ कायम गरिएको आयोगले जनाएको छ । मालिका सामुदायिक वन उपभोक्ता समूहका पूर्वअध्यक्ष पदमसिं सावद, सचिव पूर्णदेवी धामी र कोषाध्यक्ष रूद्रबहादुर बन्तोला लाई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसुरमा रु २२ लाख ६८ हजार बिगो कायम गरिएको छ ।

मालिका सामुदायिक वन उपभोक्ता समूहका पूर्वअध्यक्ष हर्कबहादुर बुढा, सचिव तुल्सी दानी र कोषाध्यक्ष चक्रबहादुर सावदलाई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसुरमा रु तीन लाख ९० हजार बिगो कायम गरिएको प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो ।

'पाठक एण्ड एसोसियट्स'का रजिष्टर्ड लेखापरीक्षक डिल्लीराम पाठक र प्रेमबहादुर विसी एण्ड कम्पनीका रजिष्टर्ड लेखापरीक्षक प्रेमबहादुर विसीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (१) बमोजिम कैद र जरिवानाको मागदाबी गरिएको छ ।

## आपसी सद्भाव कायम राख्नुपर्नेमा सांसदको जोड

काठमाडौँ । राष्ट्रियसभाको सोमबारको बैठकमा सांसदहरूले अहिलेको विषम परिस्थितिमा आपसी सद्भाव कायम राख्नुपर्नेमा जोड दिनुभएको छ ।

राष्ट्रियसभाको विशेष समयमा बोल्दै उहाँहरुले किसानका समस्या समाधान, युवालाई स्वदेशमै रोजगारी सिर्जना, आपसी सद्भाव कायम गर्न तथा मानव बेचबिखन नियन्त्रणका लागि प्रभावकारी पहल गर्न सरकारको ध्यानाकर्षण गर्नुभएको हो ।

सांसद सम्झना देवकोटाले कोशी प्रदेशको सुनसरी र मधेस प्रदेशमा देखिएको साम्प्रदायिक तनाव न्यूनीकरणका लागि सरकार र स्थानीय तहले सक्रिय पहल गर्नुपर्ने बताउनुभयो । उहाँले युवालाई स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्नुपर्नेमा जोड दिँदै समाजमा आपसी सद्भाव कायम गर्नतर्फ सरकार अग्रसर हुनुपर्ने बताउनुभयो ।

सांसद राजेन्द्रलक्ष्मी गैरेले मानव बेचबिखनका नयाँ स्वरूप देखिन थालेको भन्दै त्यसको नियन्त्रणका लागि प्रभावकारी रणनीति आवश्यक रहेको बताउनुभयो । बेरोजगारीका कारण रोजगारीको खोजीमा विदेश जाने क्रममा महिला, पुरुष तथा बालबालिका हराउने र मानव तस्करीको जोखिममा पर्ने घटना बढिरहेको उल्लेख गर्दै उहाँले यसको रोकथाममा विशेष ध्यान दिन आग्रह गर्नुभयो । सुकुमवासी समस्यालाई पनि प्राथमिकताका साथ समाधान गर्न सरकारसँग माग गर्नुभयो ।

## सूक्ष्म, साना तथा मझौला उद्योगलाई जोगाउन पुनरुत्थान कार्यक्रम आवश्यक

काठमाडौँ । पूर्वअर्थमन्त्री रामेश्वर खनालले कोभिड-१९ पछि थलिएका मुलुकका सूक्ष्म, साना तथा मझौला उद्यम (एमएसएमई) को पुनरुत्थानका लागि बिमा, कर्जा र नीतिगत संरचनामा व्यापक सुधार हुन आवश्यक रहेको बताउनुभएको छ ।

(युएनडिपी)ले सोमबार आयोजना गरेको 'रिस्क म्यानेजमेन्ट इन नेपाल्स एमएसएमइज' अध्यन प्रतिवेदन सार्वजनिक तथा नीतिगत छलफल' कार्यक्रममा पूर्वअर्थमन्त्री खनालले आर्थिक सङ्कटको सामना गरिरहेको 'एमएसएमई' को संरक्षण र प्रवर्द्धनका लागि नीतिगत सुधार आवश्यक रहेको बताउनुभएको हो ।

अर्थतन्त्रमा एमएसएमईको भूमिका महत्वपूर्ण भए पनि जोखिम व्यवस्थापन र वित्तीय पहुँचको अभावमा यस क्षेत्र कमजोर बनेको उल्लेख गर्नुहँदै उहाँले कृषि बिमा कार्यक्रममा सरकारले ७५ प्रतिशतसम्म 'प्रिमियम' अनुदान दिए पनि किसानले त्यसको पर्याप्त लाभ लिन नसकेको अवस्थामा गरिब किसानलाई सुरुमा शतप्रतिशत प्रिमियम सरकारले बेहोर्ने र क्षतिपूर्ति पाउँदा मात्रै किसानले आफ्नो हिस्सा तिर्ने जस्ता नवीन व्यवस्था लागू गर्न सुझाव दिनुभयो । पूर्वअर्थमन्त्री खनालले भन्नुभयो, "कोभिड-१९ पछि पर्यटन र निर्माणजस्ता क्षेत्र क्रमशः पुनरुत्थानतर्फ उन्मुख भए पनि एमएसएमई भने अझै सङ्कटमै छ, यही अवस्थाले बैंक तथा वित्तीय संस्थामा खराब कर्जा र गैरबैंकिङ सम्पत्ति बढाउन योगदान पुगेको छ ।"

## भेरी अस्पतलामा दुई वर्षदेखि बन्द रहेको सिटी स्क्यान मेसिन सञ्चालन

नेपालगञ्ज। भेरी अस्पताल, नेपालगञ्जमा करिब दुई वर्षदेखि बन्द रहेको सिटी स्क्यान मेशिन सोमबारदेखि सञ्चालनमा आएको छ।

अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा नवीन दर्नालले मेसिन सञ्चालनमा आएपछि सम्पूर्ण सेवाग्राहीले विशेषज्ञ चिकित्सकको सिफारिसअनुसार सिटी स्क्यान सेवा सहज रुपमा अस्पतालबाट प्राप्त गर्न थालेका जानकारी दिनुभयो। उहाँले मेसिन सञ्चालन गर्न करिब एक महिनाको समयावधि लागेको जानकारी दिँदै अब भारतलगायत अन्यत्र क्षेत्रमा बिरामी जाने बाध्यता हट्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "समयमा बिरामीको रोगको पहिचान हुने, उपचारमा सहजता आउने र बिरामीको आर्थिक भारसमेत कम हुने हाम्रो विश्वास छ।" मेडिकल सुपरिटेण्डेण्ट डा दर्नालले दुई वर्षदेखि सिटी स्क्यान मेसिनको टियुब बिग्रेको र त्यसलाई खरिद गर्न समय लागेको बताउनुभयो।

उहाँका अनुसार अस्पतालमा मेसिन सञ्चालनमा आएपछि आज पहिलो दिन पाँच जनाले सेवा लिएका छन्।

अस्पतालले पछिल्ला दिनमा सेवा विस्तार, सेवा व्यवस्थापनमा सुधार, आधुनिक उपकरण सञ्चालन, विशेषज्ञ सेवाको सुदृढीकरण, बिरामीमैत्री वातावरण निर्माण तथा सेवाको गुणस्तर र अभिवृद्धिका लागि निरन्तर प्रयास गरिरहेको उहाँको भनाइ छ।

भेरी अस्पताल नेपालगन्जमा प्रसूति सेवा लिनेको सङ्ख्या उल्लेख्य रुपमा वृद्धि भएको छ। अस्पतालले आर्थिक वर्ष २०८२/८३ मा छ हजार ५९७ जनालाई सुत्केरी सेवा प्रदान गरेको छ। आर्थिक वर्ष २०८१/८२ मा पाँच हजार ६०८ जनाले प्रसूति सेवा लिएका थिए।

अस्पतालमा चार हजार १४५ जनाले सामान्य प्रसूति सेवा, भ्याकुम/फोर्सेपमार्फत २०५ जनाले र शल्यक्रिया मार्फत दुई हजार २४७ जनाले प्रसूति सेवा लिएका मेडिकल सुपरिटेण्डेण्ड डा दर्नालले जानकारी दिनुभयो।

सरकारको सुरक्षित मातृत्व कार्यक्रमअन्तर्गत प्रसूति सेवा र शल्यक्रिया निःशुल्क भएका कारण सेवा लिनेको सङ्ख्या बढेको अस्पतालले जनाएको छ। त्यहाँ कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिलगायत कार्यक्रम सञ्चालन गर्न लागिएको छ। अस्पतालमा प्रसूति सेवा लिने सेवाग्राहीको सङ्ख्या बढ्दै गएको छ।

## ट्राफिक प्रहरीको उद्देश्य सवारी दुर्घटना कम गर्नु हो, जरिवाना लिनु होइन

काठमाडौँ। काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख सुरेशप्रसाद काफ्लेले ट्राफिक प्रहरीको मुख्य उद्देश्य राजस्व सङ्कलन वा जरिवाना असुली नभई सडक दुर्घटना न्यूनीकरण गरी नागरिकको जीवन सुरक्षित बनाउनु रहेको बताउनुभएको छ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घ, बागमती प्रदेश समितिले सोमबार ललितपुरको, बालकुमारीले काठमाडौँमा आयोजना गरेको सम्मान, पदस्थापना तथा प्रशिक्षणमूलक कार्यक्रममा उहाँले सवारी चालकले ट्राफिक नियमको पालना गरे कुनै पनि प्रकारको कारबाही आवश्यक नपर्ने सो क्रममा स्पष्ट पार्नुभयो।

प्रमुख काफ्लेका अनुसार ट्राफिक प्रहरीको नियमित निगरानी, सचेतना र नियम कार्यान्वयनका कारण पछिल्ला महिनाहरूमा काठमाडौँ उपत्यकामा सवारी दुर्घटनाको दरमा कमी आएको छ। चालक तथा सर्वसाधारणले अनुशासित भएर ट्राफिक नियमको पूर्ण पालना गरे दुर्घटनालाई अझ प्रभावकारी रूपमा




नियन्त्रण गर्न सकिने उहाँको भनाइ छ। कार्यक्रममा सहभागी यातायात व्यवसायी तथा चालकहरूलाई ट्राफिक सचेतना, सुरक्षित सवारी सञ्चालन र नियम पालनाको महत्वबारे जानकारी गराइएको थियो।

## बायोग्यास प्लान्ट पुनः सञ्चालनमा ल्याउन सम्झौता

काठमाडौँ। काठमाडौँको टेकुमा रहेको बायोग्यास प्लान्ट पुनः सञ्चालनमा ल्याउन काठमाडौँ महानगरपालिका र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबीच सम्झौता भएको छ। महानगरका कार्यवाहक प्रमुख सुनिता डङ्गोलको उपस्थितिमा महानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईं र केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले सोमबार सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको हो। सहरमा उत्पादन भएको जैविक फोहर व्यवस्थापनलाई आधुनिक र प्रविधिमैत्री बनाउने उद्देश्यसहित सम्झौता गरिएको हो।

"सहरमा उत्पादन हुने जैविक फोहरको दिगो व्यवस्थापनका लागि प्रविधिको प्रयोग बढाउने लक्ष्यसहित सम्झौता भएको छ। यो लक्ष्यमा पुग्न निर्धारित समयभित्रै काम पूरा हुने आशा राखेका छौँ", सम्झौतापछि कार्यवाहक प्रमुख डङ्गोलले भन्नुभयो, "पुनः स्थापना गर्नु मात्र महत्वपूर्ण उपलब्धि होइन। यसको दिगो सञ्चालन गर्नु र यसलाई सिकाइका रूपमा विस्तार गर्नु उपलब्धि हुनेछ। यो योजना सफल बनाएर सहरमा उत्पादन भएको फोहरलाई दिगो व्यवस्थापनको प्रणालीमा हाम्रो प्रयास जारी छ।"

केन्द्रका कार्यकारी निर्देशक ढकालले आवश्यक उपकरण, सामग्री तथा प्राविधिक सेवाबाट प्लान्ट सञ्चालनमा ल्याउने बताउनुभयो। "यसको अनुगमन र सुपरीवेक्षणपछि महानगरपालिकालाई हस्तान्तरण गर्नेछौँ", उहाँले भन्नुभयो, "हरित जलवायु कोषअन्तर्गतका कार्यक्रममा महानगरपालिका र केन्द्रबीच सहकार्य हुन सक्छ।"

यो प्लान्ट महानगरपालिकाको एकीकृत दिगो फोहर व्यवस्थापन परियोजनाअन्तर्गत विसं २०७२ मा निर्माण सुरु गरेर विसं २०७५ देखि सञ्चालन थालिएको थियो। प्लान्ट सञ्चालन गर्दा दैनिक तीन मेट्रिकटन जैविक फोहरबाट १४ किलोवाट बिजुली, ३०० किलो जैविक मल, १३ हजार ५०० लिटर पानी उत्पादन गर्ने लक्ष्य राखिएको थियो। यसका लागि महानगरपालिका र युरोपियन युनियनले एक करोड ८२ लाख रुपियाँ लगानी गरेका थिए। प्राविधिक कारणले सञ्चालन हुन नसकेको परियोजनालाई पुनः दिगो सञ्चालनमा ल्याउन गरिएको सम्झौता अनुसार महानगरपालिकाले प्लान्टको दीर्घकालीन सञ्चालन तथा मर्मत सम्भारका लागि आवश्यक बजेट व्यवस्थापन गर्ने जनाएको छ। यस्तै, प्लान्ट सञ्चालनका लागि योग्य जनशक्ति वा सञ्चालक छनोट गरी व्यावसायिक ढाँचामा लैजाने, पुनः स्थापनापश्चात् संरचनाको पूर्ण स्वामित्व ग्रहण गर्ने गरी वातावरणमैत्री सञ्चालन सुनिश्चित गर्ने, फोहरलाई स्रोतका रूपमा प्रयोग गरी बायोग्यास र जैविक मल उत्पादनमार्फत 'चक्रीय अर्थतन्त्र'मा योगदान पुर्याउने जिम्मेवारी महानगरपालिकाको हुने बताइएको छ। परियोजना पुनरुत्थानका लागि केन्द्रले प्लान्टको विस्तृत सम्भाव्यता अध्ययन गर्नेछ। उपकरण खरिद, जडान र परीक्षणको काम सम्पन्न गरेर महानगर पालिकालाई हस्तान्तरण गरिने सम्झौतामा उल्लेख छ।

## राष्ट्रियसभाः जनापेक्षा बमोजिम काम गर्न सरकारलाई आग्रह

काठमाडौँ। राष्ट्रियसभाको सोमबारको बैठकमा सांसदहरूले जनताको विश्वास र अपेक्षा बमोजिम काम गर्न सरकारलाई आग्रह गर्नुभएको छ। सभाको विशेष समयमा सदस्यहरूले सरकारबाट जनताले आफ्ना हरेक समस्याको समाधान खोज्ने भएकाले जनापेक्षा बमोजिम काम गर्नुपर्ने बताउनुभयो।

बैठकमा नेपाली कांग्रेसका सांसद किरणबाबु श्रेष्ठले नेपाली जनताले विश्वासका साथ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई सरकारको नेतृत्वमा पुर्याएकाले जनताको चाहना र भावना बमोजिम काम गर्न आग्रह गर्नुभयो। उहाँले मुलुकको स्वतन्त्रता र लोकतन्त्रका लागि त्याग र समर्पण गरेका नेताहरूको आदर्शबाट सकारात्मक पाठ सिकेर जनहितमा केन्द्रित हुँदै समस्या समाधान तर्फ लाग्नुपर्ने धारणा राख्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद रूक्मिणि कोइरालाले नेपाल बहुजाति, बहुभाषिक, बहुसांस्कृति, बहुधार्मिक साझा फूलबारी भएकाले एकापसमा समन्वय र भाइचारका साथ सबै जातीय र साम्प्रदाय सहकार्य गर्नुपर्ने धारणा राख्नुभयो। उहाँले सरकारले जनजीवनका सवालमा वास्तविक समस्या पहिचान गरी सोही आधारमा समाधानका लागि राहतमूलक काम गर्नुपर्नेमा जोड दिनुभयो। नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सांसद श्रीकृष्णप्रसाद अधिकारीले सुनसरीसहितका जिल्लामा भएका घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई कारबाही गर्न सरकारसँग माग गर्नुभयो। नेपाली कांग्रेसका सांसद धर्मेन्द्र पासवानले संवाद, मेलमिलाप र समन्वयनका माध्यमबाट मुलुकमा शान्ति र समृद्धि हासिल गर्न सबैको ध्यान जानुपर्नेमा जोड दिनुभयो। नेकपाका सांसद भुवनबहादुर सुनुवारले मिटरब्याज पीडितहरू अझै माइतीघर मण्डलामा रहेकाले उहाँहरूको माग सम्बोधनका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

## सबैभन्दा बढी मुद्दा सम्बन्ध विच्छेदका

बागमती। मकवानपुरमा गत आर्थिक वर्ष २०८२/८३ मा सबैभन्दा बढी सम्बन्ध विच्छेदका मुद्दा दर्ता भएका छन्। जिल्ला अदालत मकवानपुरका सूचना अधिकारी केशवराज कौशिकका अनुसार गत आवमा दर्ता भएका मुद्दामध्ये सम्बन्ध विच्छेदका ८७५ रहेका छन्।

त्यस्तै अंश दर्ता चलनका ३०४, लागुऔषधका २३९, लेनदेनका १९२, बैङ्किङ कसुरका ११९ र लिखत बदरका ११० मुद्दा दर्ता भएका उहाँले जानकारी दिनुभयो। जालसाजीका ९९, चोरीका ७५, सवारी, ज्यान र अङ्गभङ्गका ५३ तथा जबर्जस्तीकरणीका ४६ वटा मुद्दा दर्ता भएका अदालतले जनाएको छ। अदालतले गत आवमा कुल दुई हजार ३१५ वटा मुद्दा फर्स्यौंट गरेको सूचना अधिकारी कौशिकले जानकारी दिनुभयो।

## अप्ठेरोमा परेकालाई घरमा ग्यास पुऱ्याउनेः प्रजिअ

चितवन। चितवन जिल्ला प्रशासनले अप्ठेरोमा परेकालाई खाना पकाउने ग्यास अभाव भएमा प्रमुख जिल्ला अधिकारीको कार्यालयमा खबर गर्न सर्वसाधारण लाई आग्रह गरेको छ।

एकल महिला, वृद्ध, अपाङ्ग, छात्रावासका विद्यार्थी, आश्रम तथा अत्यावश्यक ठाउँमा ग्यास उद्योगीले डिलर हुँदै सब डिलरमार्फत अप्ठेरोमा परेका व्यक्तिका घरमा खाना पकाउने (एलपी) ग्यास पुऱ्याउने व्यवस्था मिलाएको छ।

सोमबार (हिजो) जिल्ला प्रशासन कार्यालय र ग्यास उद्योगी तथा डिलरसँगको छलफलपछि उक्त व्यवस्था मिलाइएको हो। प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले अशक्त र अपाङ्गले ग्यास नपाएको खबर प्राप्त भएमा घरमा नै ग्यास पठाउने व्यवस्था गरिएको समेत सो क्रममा जानकारी दिनुभयो।

व्यक्ति विशेषले समेत ग्यास नपाएमा टोल फ्री नम्बरमा फोन गर्न प्रशासनले अनुरोध गरेको छ। जिल्लामा बाबा, साइबाबा र नेपाल ग्यास उद्योग छ। गैंडाकोटमा रहेको जानकी ग्यासको बजार क्षेत्र चितवन हो। चारै उद्योगका सञ्चालकले पहिलेको तुलनामा ग्यास अभाव नहुने जानकारी दिएका छन्। बाबा ग्यासका सञ्चालक विमल कालाखेतीले पहिलेको तुलनामा पर्याप्त ग्यास आएकाले बजारमा अभाव नहुने जानकारी दिनुभयो।

## मधेसमा मानवअधिकार उल्लंनसम्बन्धी ३९ उजुरी दर्ता

जनकपुरधाम। राष्ट्रिय मानवअधिकार आयोगको मधेश प्रदेश कार्यालय जनकपुरधाममा आर्थिक वर्ष २०८२/८३ मा ३९ वटा मानवअधिकार उल्लङ्घन सम्बन्धी उजुरी दर्ता भएका छन्।

नागरिकका आधारभूत अधिकार, महिला तथा बालअधिकार, जातीय भेदभाव, आर्थिक तथा सामाजिक अधिकार र यातनाविरुद्धका विषयमा उल्लेख्य उजुरी प्राप्त भएको आयोगका प्रमुख बुद्धनारायण सहनी केवटले जानकारी दिनुभयो।

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धीको महासन्धिअन्तर्गत १७, घरेलु हिंसा, लैङ्गिक विभेद, शारीरिक तथा मानसिक यातना, सामाजिक बहिष्कार र महिलामाथि हुने हिंसाका सात वटा उजुरी दर्ता भएका छन्।

त्यसैगरी बालबालिकामाथि हुने तीन, जातीय विभेद, सामाजिक बहिष्कार तथा समान व्यवहार नपाएकाको दुई, स्वास्थ्य, शिक्षा, रोजगारी, खाद्य सुरक्षा, आवास तथा सामाजिक सुरक्षाजस्ता आधारभूत सेवामा पहुँच नपाएका आठ र यातनाविरुद्धको अधिकारसम्बन्धी महासन्धि अन्तर्गत तीनवटा उजुरी दर्ता भएका छन्। आर्थिक वर्ष २०८२/८३ मा ११० वटा उजुरीको छानबिन तथा अनुसन्धान सम्पन्न गरी अन्तिम निर्णयका लागि आयोगको केन्द्रीय कार्यालय पठाइएको प्रमुख केवटले जानकारी दिनुभयो।

आयोगले ३७७ वटा उजुरीको विस्तृत छानबिन तथा अनुसन्धान गरिरहेको छ। उजुरीमा सम्बन्धित निकायसँग विवरण माग्ने, पीडित तथा सरोकारवालासँग बयान लिने, घटनास्थल निरीक्षण गर्ने तथा आवश्यक समन्वयात्मक प्रक्रिया अघि बढाइएको छ।

प्रमुख केवटले आयोगमा धेरैजसो प्रहरीमा जाहेरी दर्ता नभएको, जाहेरी दर्ता भए पनि अनुसन्धान प्रभावकारी नभएको, पीडितले न्याय पाउन कठिनाइ भोगेको, प्रशासनिक निकायबाट समयमै सुनुवाइ नभएको तथा सरकारी सेवामा पहुँचसम्बन्धी समस्या रहेका विषयमा उजुरी आउने गरेको बताउनुभयो। मधेस प्रदेशमा पछिल्लो समय सामाजिक तनाव, लैङ्गिक हिंसा, जातीय विभेद, प्रशासनिक लापरबाही तथा न्यायमा पहुँचसम्बन्धी समस्याका कारण मानव अधिकार सम्बन्धी गुनासो बढ्दै गएको सरोकारवाला बताउँछन्।

## चितवनबाट गत एक वर्षमा ८९ जना बेपत्ता, खोजी जारी

चितवन। जिल्लाबाट बेपत्ता भएका व्यक्तिमध्ये ८९ अझै सम्पर्कमा आउन सकेका छैनन्। गत आर्थिक वर्षमा मानिस बेपत्ताको निवेदन परेअनुसार ७६४ व्यक्ति बेपत्ताका थिए। बेपत्ताको खोजतलास जारी रहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेलले जानकारी दिनुभयो।

उहाँका अनुसार बेपत्ताकामध्ये ६७५ जनालाई जिल्लाका विभिन्न स्थानबाट उद्धार गरी परिवारको जिम्मा लगाइएको छ। कतिपय व्यक्ति नारायणी नदीमा हामफालेर बेपत्ता हुने र त्यहाँ हामफालेको विषय थाहा नहुँदा हराएको सूचीमा पर्ने गरेको उहाँले बताउनुभयो।

यसैगरी, घर फर्किएकाहरु कतिपयले प्रहरीमा जानकारी नगराउँदा पनि बेपत्ताकाको सङ्ख्या बढी भएको हो। सुरुमा प्रहरीमा टिपाएको नम्बर पछि परिवर्तन हुने र सम्पर्क नहुने हुँदा प्रहरीले बेपत्ताको सूचीमा राख्ने गरेको छ।

विगत तीन आर्थिक वर्षमा बेपत्ता मानिसको सङ्ख्या बढ्दो क्रममा रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा ४८७ जना बेपत्ता भएकामा ४७५ जना फेला परेका थिए भने १२ जनाको खोजतलास जारी छ। यस्तै, आर्थिक वर्ष २०८१/८२ मा ५५३ जना बेपत्ताका थिए। यसमध्ये ५४० जना भेटिएका थिए भने १३ जनाको खोजतलास भइरहेको उहाँले बताउनुभयो। गत आर्थिक वर्षमा घरेलु हिंसासम्बन्धी ३८१ निवेदन परेका छन्। जसमध्ये ३०५ को मिलापत्र भएका छन् भने ७१ मुद्दा अदालतमा दर्ता भएको प्रहरी प्रमुख पौडेलले जानकारी दिनुभयो। परेका निवेदनमध्ये पाँच अझै छलफलका क्रममा छन्।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com